# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ , संख्या ३ , शनिश्चरे, आषाढ २१, २०८० साल**


**भाग २**

### अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०३/२० गतेको बैठकबाट स्वीकृत भएको तल लेखिए बमोजिमको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० लाई संशोधन गर्न बनेको कार्यविधि,२०८० सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० लाई संशोधन गर्न बनेको कार्यविधि,२०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०३/२०

अर्जुनधारा नगरपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोग कोशी प्रदेशको परामर्शमा अर्जुनधारा नगरपालिकाको, नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम " स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि (पहिलो संशोधन) कार्यविधि,२०८० " हुनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात अर्जुनधारा नगरपालिका, झापामा लागू हुनेछ ।

(१) <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

'(१) "मूल कार्यविधि" भन्नाले स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० लाई सम्झनुपर्दछ ।

२. **मूल कार्यविधिमा संशोधनः** (१) दफा ३ को उपदफा (१) मा रहेको"१५ दिने सूचना" भन्ने वाक्यांशको सट्टा " ३० दिने सूचना" राखिएको छ ।

(२) दफा ८ को उपदफा (३) मा रहेको " र निजामति सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा छैटौं तहमा नियुक्ति भई समान तहमा समायोजन भएका र अध्यादेश जारी हुँदाका बखतसम्म तहवृद्धि नभएका" भन्ने वाक्यांश र " तर सातौं तह कायम गर्नु अघि कार्यालयको स्वीकृत संगठन संरचनामा उक्त तहको पद समावेश भएको हुनुपर्नेछ, संगठन संचरनामा उक्त पद समावेश नभएको भएमा" भन्ने वाक्यांश झिकिएको छ ।

**आज्ञाले,**

गीताकुमारी राई

अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको

कार्यालयको

प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र